**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १० गते शनिबार ❑ 26 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## जलवायु न्यायको कुरा वाक्यांशमा मात्र सीमित हुनहुँदैन: प्रधानमन्त्री

**रासस**
काठमाडौं, ९ असोज



प्रधानमन्त्री वालेन्द्र शाहले ७२ घण्टाभित्र संसारको जुनसुकै ठाउँमा हतियार पुऱ्याउनसक्ने विश्वसँग एउटा किसानलाई सम्मानजनक जीविकोपार्जनका साधनबाट वञ्चित गर्न कुनै बहाना बनाउनु नहुने बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई शुक्रबार सम्बोधन गर्दै प्रधानमन्त्री शाहले भन्नुभयो, "अन्तरमहादेशीय क्षेप्यास्त्र समयमै पुग्छन्। राइफल र गोलीगठ्ठा सबै अवरोध तोड्दै समयमै सीमा पार गर्छन् । तर नेपालका एक किसानले आवश्यकता परेको समयमा बजार मूल्यमा मल वा इन्धन खरिद गर्न सक्नुहुन्न।"

प्रधानमन्त्री शाहले जहाँ युद्धका लागि आवश्यक सामान आपूर्ति गर्न सजिलो छ, तर खाद्यान्नका लागि निकै कठिन रहेको बताउनुभयो । "यो नेपालको मात्रै दुर्भाग्य होइन। बङ्गलादेशलाईसोध्नुहोस्।भुटानलाई सोध्नुहोस् । भारतलाई सोध्नुहोस् । माल्दिभ्सलाई सोध्नुहोस् । पाकिस्तानलाई सोध्नुहोस् । श्रीलङ्कालाई सोध्नुहोस्", उहाँले भन्नुभयो, "हाम्रो क्षेत्रका अन्य कुनै पनि देशलाई सोध्नुहोस् । तपाईंले उस्तै जवाफ पाउनुहुनेछ ।" प्रधानमन्त्री शाहले साना र गरिब देशको उपस्थिति महसुस गर्ने तथा न्यायपूर्ण परिणामका लागि सँगै काम गर्ने संयुक्त राष्ट्रसङ्घ आवश्यक रहेकामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "त्यसैले जलवायु न्याय पैसाको विषय मात्रै होइन । यो खर्च कसले बेहोर्छ भन्ने वितरणात्मक न्यायको विषय हो। यो कसको आवाज सुनिन्छ भन्ने प्रक्रियागत न्यायको विषय हो। साथै पर्वतीय समुदाय, साना टापु राष्ट्र, भू-परिवेष्ठित तथा कम विकसित देश र जन्मिन बाँकी पुस्ताको भविष्यलाई समान रूपमा महत्व दिइन्छ कि दिइँदैन भन्ने विषय पनि हो।"

'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुन नहुने उल्लेख गर्दै प्रधानमन्त्री शाहले हाम्रा देशका नागरिकहरूलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री शाहले भन्नुभयो, "हिन्दूकुश हिमालय करिब दुई अर्ब नागरिकको घर हो । यी पर्वतहरूले नेपालभन्दा धेरै परसम्म रहेका जनसङ्ख्यालाई पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जन प्रदान गर्छन् । हिमालय पृथ्वीको छेउमा रहेको भूभाग मात्रै होइन, यो पृथ्वीको जीवन-सहयोग प्रणालीको महत्वपूर्ण हिस्सा पनि हो।"

गत भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै प्रधानमन्त्री शाहले अझै कयौँ परिवार घर नफर्कने आफ्ना प्रियजनलाई पर्खिरहेका र कयौँ समुदाय लेदो, ढुङ्गामाटो, पानीभित्र आफ्ना मानिसको खोजी गरिरहेका उल्लेख गर्नुभयो। "जसको शरीर अब कहिल्यै नभेटिन सक्छ", उहाँले भन्नुभयो, "ती पुल, सडक, विद्यालय, घर र जीविकोपार्जनका माध्यम निमेषभरमै बगेर गए । एउटा देशबारे जसले दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा निरन्तर प्रगति गरिरहेको थियो त्यसमा अवरोध पुगेको छ।"

तातिँदै गरेको जलवायुले नाजुक हिमालयको पारिस्थितिक प्रणालीलाई अस्थिर बनाएको बताउँदै प्रधानमन्त्री शाहले हिउँले जमेको माटो पग्लिँदा हिमालको भिरालो भू-भागमा चिरा परेका र हिमचट्टानसहितको पहिरो, बाढीलगायत शृङ्खलाबद्ध जोखिम बढिरहेका उल्लेख गर्नुभयो। परिणामस्वरुप यस विनाशले नेपाल-चीन सीमाका दुवैतर्फको भू-भागमा ठूलो क्षति पुऱ्याएको र बाढी निरन्तर भारततिर बग्दै गएको उहाँले उल्लेख गर्नुभयो। "यसले हामीलाई एउटा आधारभूत कुरा बताउँछ । जलवायु परिवर्तनले सीमा चिन्दैन। हिमनदी र बाढी 'पासपोर्ट'मा 'भिसा' लगाएर यात्रा गर्दैनन्", प्रधानमन्त्री शाहले भन्नुभयो।

नेपालले अहिले पुनःस्थापना र पुनर्निर्माणको विशाल कार्यको सामना गरेको बताउँदै उहाँले बाढीबाट कम्तीमा एक हजार ४०० जनाको मृत्यु भएको पुष्टि भइसकेको र छ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेका जानकारी गराउनुभयो । "हाम्रो द्रुत क्षति आकलनअनुसार अब भौतिक पुनःस्थापनाका लागि नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को १० प्रतिशत आवश्यक देखिन्छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री शाहले सन् २०१५ मा नेपालमा गएको 'गोरखा भूकम्प'पछिको पुनर्निर्माणमा जस्तै यसपटक पनि आफूहरुले ऐक्यबद्धतासहित सबैको सहयोगको अपेक्षा गरेको बताउनुभयो । "तर, यो विपद् नेपालबाहेकका लागि पनि किन अर्थपूर्ण छ भन्ने हामीले बुझ्नुपर्छ । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ," उहाँले भन्नुभयो, "यो सङ्कट हामीले सिर्जना गरेका होइनौँ। तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौँ। हाम्रा हिमनदी खुम्चिँदै गएका छन्। हाम्रा हिमालका भिराला भू-भाग अस्थिर बन्दै गएका छन् । हाम्रा नदी पूर्वानुमान गर्न नसकिने अवस्थामा पुगेका छन्।"

## प्रतिकूल मौसमका कारण पोखराको हवाई उडान प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

निरन्तरको वर्षाका कारण पोखरा अन्तरराष्ट्रिय विमानस्थबाट हुने आन्तरिक तथा बाह्य उडान सेवा प्रभावित भएको छ।

फ्लाइ दुबईले बुधबारदेखि सुरु गरेको दुबई-पोखरा-दुबई दैनिक उडान पनि शुक्रबार रद्द भएको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिनुभयो।

"पोखराको मौसम खराब भएपछि फ्लाइ दुबईले पहिले नै उडान नहुने जनाएको थियो", उहाँले भन्नुभयो, "आन्तरिकतर्फको उडान पनि दिनभर हुन सकेन, साँझपख बुद्ध एयरको तीनवटा मात्र उडान भयो।" दुई दिन उत्साहजनक रूपमा उडान गरेको फ्लाइ दुबईको आजको उडानका लागि मौसम बाधक बनेको हो।

फ्लाइ दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र साँझ ७:१५ बजे दुबई प्रस्थानको तालिका रहेको विमानस्थलले जनाएको छ । फ्लाइ दुबईले बिहीबार गरेको दुबई-पोखरा उडानमार्फत १२२ यात्रु पोखरा अतवरण गरेका थिए। पोखराबाट दुबईका लागि १४३ जना यात्रु उक्त जहाजबाट गएका थिए । फ्लाइ दुबईले बुधबारदेखि पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा १६५ यात्रु क्षमताको जहाजबाट नियमित उडान सुरु गरेको थियो।

## जिसस कास्कीमा गैरसरकारी संस्थाहरूको बार्षिक समिक्षा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज



जिल्ला समन्वय समिति कास्कीमा जिल्लामा क्रीयाशिल गैरसरकारी संस्थाहरूको बार्षिक समिक्षा कार्यक्रम सकिएको छ। बिहीवार र शुक्रबार दुई दिन सम्म चलेको सो समिक्षाको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो।

समापनका अबशरमा प्रमुख पौडेलले गैरसरकारी संस्थाहरू थप प्रभावकारी, ब्यबस्थित र थप परिणाममुखी बनाउन समिक्षा सहयोगी भएको उल्लेख गर्नुभयो । देखिएका कमिकमजोरी सुधारेर थप परिमार्जन र परिष्कार मुलक कार्यमा अगाडि बढ्न आग्रह गर्नुभयो। आफू निर्बाचित भएदेखि नै सरकारी एबम गैरसरकारी संस्था सहित सामाजिक संस्थाहरूको समेत पारदर्शीता, जबाफदेहिता र उत्तरदायीत्वमा जोड दिदै आएको स्मरण गर्दै नियामक निकाय स्थानिय तहहरू समेत थप क्रीयाशिल हुनुपर्नेमा जोड दिनुभयो । राष्ट्र बिकास र समृद्धिको यात्रा गैरसरकारी संस्थाहरूको उपस्थिति र सहकार्य बिना सम्भब नहुने उल्लेख गर्नुभयो। कार्यक्रममा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल, नागरिक समाजका अगुवा राम बहादुर पौडेल, पोखरा महानगर पालिकाका बाल कल्याण अधिकारी बेल कुमारी गुरुङ सहितले गैरसरकारी संस्थाका कार्य र भाबी भुमिका सम्बन्धमा प्रकाश पार्नुभएको थियो। शुक्रवार असहाय बाल उपकार संघ, आइ एन एफ नेपाल हरियो खर्क अस्पताल, लिबर्ड, रेन्बो चिल्ड्रेन होम,कर्मा फ्लाइट, गोनेशा, नेपाल हाउस कास्की, समन्वय नेपाल बाल गृह, सृजना बिकास केन्द्र, सिबिन नेपाल सहितले समिक्षा प्रस्तुत गरे। त्यसैगरी बिहीवारको समिक्षामा राइट फर चिल्ड्रेन, बाल कल्याण संस्था, शक्ति समुह, चिल्ड्रेन नेपाल, कोपिला नेपाल, दयाको सेवा नेपाल, साना हातहरू नेपाल, मानव अधिकारका लागि महिला एकल महिला समुह कास्की, बाल हितकारी परियोजना, श्री एन्जल्स नेपाल, बहिनी एडुकेयर फाउन्डेसन, कोपिला चिल्ड्रेन होम, महिला सशक्तीकरण समाज, एस ओ एस बाहिनी, सहित पन्ध्र वटा संस्थाले आ-आफ्नो संस्थाको संचालित कार्यक्रमको विवरण सहित समिक्षा प्रस्तुत गरेका सूचना अधिकारी लक्ष्ु शर्माले जानकारी दिनुभयो । जिल्ला परियोजना सल्लाहकार समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप-प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बराललले गर्नुभएको थियो।

## कोरलानाका क्षेत्रमा बेमौसमी हिमपात

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ असोज



समुद्री सतहको चार हजार ६१० मिटरको उचाइमा अवस्थित नेपाल-चीन उत्तरी कोरलानाका क्षेत्रमा बेमौसमी हिमपात भएको छ । बिहीबार रातिको हिमपातले कोरलानाका क्षेत्र हिउँले सेताम्मे भएका छन्।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालका अनुसार मुस्ताङमा बिहीबारदेखि निरन्तर वर्षा भइरहँदा उपल्लो मुस्ताङको नेपाल-चीन उत्तरी कोरलानाका क्षेत्रमा हिमपात भएको प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो।


कोरलानाका क्षेत्रमा हिमपात भएसँगै निकासी तथा पैठारीका कन्टेनर ढुवानीका साधनलाई आवतजावतमा समस्या देखिएको छ । बर्सेनि हिउँदयाम सुरु हुँदै गर्दा उपल्लो मुस्ताङको कोरलानाका क्षेत्रमा असोज महिनामै हिमपात भएको हो । हिमपातका कारण उपल्लो मुस्ताङको सीमावर्ती क्षेत्रका डाँडाकाँडा हिउँले सेताम्मे भएका छन् । त्यसैगरी कोरलानाका क्षेत्रमा हिमपात भइरहँदा लोमान्थाङ आसपासका बस्तीमा भारी वर्षा भएको छ भने बस्तीदेखि माथिका उच्च लेकमा आंशिक हिमपात भइरहेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । वर्षा र हिमपातसँगै उपल्लो क्षेत्रमा चिसो बढ्न थालेको एक्याप प्रमुख पौडेलको भनाइ छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, मौसम विज्ञान विभाग र मौसम पूर्वानुमान महाशाखाका पूर्वसूचना अनुसार बिहीबारदेखि लगातार चार दिनसम्म भारी वर्षा र उच्च हिमाली क्षेत्रमा हिमपात हुनसक्ने प्रक्षेपण गरिएको थियो। मुस्ताङको कोरलानाका क्षेत्रमा हिमपात हुँदा मुस्ताङका अन्य क्षेत्रमा निरन्तर वर्षा भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

मौसम प्रतिकूलताका कारण बाढीपहिरो, नदी कटानलगायत कारण सडक अवरुद्ध हुनसक्ने भएकाले मुस्ताङको काभ्रेभिरदेखि उपल्लो मुस्ताङका सडकमा यात्रा नगर्न जिल्ला प्रशासन कार्यालयले सूचना प्रकाशित गरी सूचित गरेको छ। सम्भावित विपद् तथा क्षति न्यूनीकरणका लागि बिहीबार रातिदेखि चार दिनसम्म साँझ ६:०० देखि बिहान ६:०० बजेसम्म रातिमा यातायातका साधन सञ्चालन गर्न रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी एकराज भण्डारीले जानकारी दिनुभयो ।

त्यसैगरी, मुस्ताङको घरपझोङ गाउँपालिकाले वर्षाका कारण कालीगण्डकी नदी उच्च भई जोखिम सृजना हुनसक्ने भएकाले कालीगण्डकी तटीय क्षेत्रमा स्थानीयलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ । घरपझोङ गाउँपालिकाले शुक्रबारदेखि माइकिङ गरी तटीय क्षेत्र आसपासका नागरिकलाई सावधानी अपनाउन अनुरोध गरेको छ।

यस्तै, वर्षाका कारण मुस्ताङका पुराना ढुङ्गा र माटोले निर्मित परम्परागत संस्कृतिका घरहरूमा वर्षाले जोखिम बढाएको छ । घरपझोङ-५ ठिनीका स्थानीय सरिता थकालीका अनुसार पुराना ढुङ्गा र माटोले बनेका घर निरन्तर वर्षा हुन थालेको सास्ती तुल्याएको बताउनुभयो। वर्षाले पुराना घर चुहिने र भत्किने डर भएकाले वर्षाबाट जोगाउन स्थानीयले घरको छत र गारोमा त्रिपाल र प्लास्टिकले ढाकेको जानकारी दिनुभयो।



# विश्व पर्यटन दिवसमा पोखरामा मिनि सडक महोत्सव आयोजना हुने

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

विश्व पर्यटन दिवसको अवसरमा रेष्टुरेण्ट एण्ड बार एसोसिएसन (रेवान) पोखराले 'विश्व पर्यटन दिवस मिनि सडक महोत्सव २०८३' आयोजना गर्ने भएको छ।

यही असोज ११ गते (२७ सेप्टेम्बर २०२६) मा लेकसाइड क्षेत्रमा विभिन्न सांस्कृतिक, मनोरञ्जनात्मक तथा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सहित उक्त महोत्सव आयोजना गर्न लागिएको रेवान पोखराले शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। पर्यटन क्षेत्रले विभिन्न चुनौती र विषम परिस्थितिको सामना गरिरहेको अवस्थामा 'नेपाल खुला छ' र 'पोखरा पर्यटकको स्वागतका लागि तयार छ' भन्ने सकारात्मक सन्देश देश तथा विदेशमा प्रवाह गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको रेवान पोखराका अध्यक्ष बसन्त गौतमले बताउनुभयो। विश्व पर्यटन दिवस २०२६ को मूल सन्देश 'पर्यटनलाई




पुनःपरिकल्पना गर्न डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता' लाई आत्मसात् गर्दै आयोजना हुने महोत्सवले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनसँगै पोखराको पर्यटन व्यवसाय, स्थानीय कला-संस्कृति, खानाका परिकार र आतिथ्यलाई पर्यटकसमक्ष प्रस्तुत गर्ने उहाँको भनाइ छ।

महोत्सवको मुख्य उद्धाटन कार्यक्रम अम्मट क्षेत्रमा हुनेछ। उद्धाटनपछि मुख्य स्टेजमा विभिन्न सांस्कृतिक नृत्य तथा मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरिनेछ। त्यस्तै, सेन्टर प्वाइन्ट चोकस्थित चौतारामा साँझ ५ बजेदेखि राति १० बजेसम्म गन्धर्व गायन तथा लेकसाइड स्ट्रीट नं. ४ र ५ बीचको क्षेत्रमा सांस्कृतिक नृत्यल गायतका कार्यक्रम सञ्चालन गरिने रेवान पोखराले जनाएको छ। अध्यक्ष गौतमले पोखरा क्षेत्रका पर्यटन गन्तव्यहरू खुला र सुरक्षित रहेको सन्देश दिन पनि महोत्सव आयोजना गरिएको दाबी गर्नुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले महोत्सवले सुस्ताएको पोखराको पर्यटनलाई केही हदसम्म चलायमान बनाउन सहयोग पुग्ने बताउनु भयो। पोखरामा फ्लाई दुबईले सुरु गरेको अन्तर्राष्ट्रिय उडानका कारण थप पर्यटकीय गतिविधि बढ्न थालेको दाबी गर्दै उहाँले अन्तर्राष्ट्रिय हवाई सम्पर्कले पोखराको पर्यटनमा नयाँ सम्भावना सिर्जना गरेको जनाउनु भयो। नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत जयशक्ति सराफले विश्व पर्यटन दिवसका अवसरमा आयोजना हुने कार्यक्रमले पोखराको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने बताउनु भयो। पर्यटन प्रवर्द्धनसँग सम्बन्धित यस्ता कार्यक्रमलाई बोर्डले विगतका वर्षदेखि सहयोग गर्दै आएको जनाउनुभयो। रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले पर्यटन विकास तथा प्रवर्द्धनमा सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै महोत्सवलाई पर्यटकमैत्री, व्यवस्थित र प्रभावकारी बनाउन सञ्चारकर्मीको साथ, सहयोग तथा प्रचार-प्रसार आवश्यक रहेको बताउनु भयो। पर्यटनको मुख्य सिजन प्रारम्भ हुने समयमै आयोजना हुन लागेको महोत्सव मार्फत पोखरा पर्यटकको स्वागतका लागि तयार रहेको सन्देश प्रवाह गर्ने उहाँले जनाउनु भयो। पोखराको मौलिक संस्कृति, खानाका परिकार, स्थानीय कला तथा आतिथ्यलाई समेत प्राथमिकताका साथ महोत्सवमा प्रस्तुत गरिने भएको छ।

# प्रधानमन्त्री शाह र राष्ट्रसंघका महासचिव गुटेरेसबीच भेटवार्ता

रासस
काठमाडौं, ९ असोज

प्रधानमन्त्री वालेन्द्र शाह र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच भेटवार्ता भएको छ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुने सिलसिलामा यहाँ रहनुभएका प्रधानमन्त्री शाहले महासभालाई सम्बोधन गर्नुअघि राष्ट्रसङ्घ मुख्यालयमा स्थानीय समयअनुसार साँझ ६:३० बजे (नेपाली समयअनुसार शुक्रबार बिहान ४:१५ बजे) महासचिव गुटेरेससँग भेट गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। भेटमा प्रधानमन्त्री शाहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिँदै उहाँको सफल कार्यकालका लागि बधाई दिनुभयो। रसुवाको भोटेकोशी नदीमा आएको विपद्बाट नेपालले ठूलो क्षति बेहोरेको उल्लेख गर्दै



प्रधानमन्त्रीले हिमताल फुट्ने जोखिम अझै उच्च रहेको बताउनुभयो।

त्यस अवसरमा महासचिव गुटेरेसले भोटेकोशी विपद्मा भएको जनधनको क्षतिप्रति गहिरो समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसङ्घ नेपालसँग ऐक्यबद्ध रहेको बताउनुभयो। उहाँले युवा नेपाली प्रतिनिधिमण्डलको प्रशंसा पनि गर्नुभयो। आफू सन् १९७८ मा पर्यटकका रूपमा नेपाल गएको स्मरण गर्दै महासचिव गुटेरेसले पदबाट निवृत्त भएपछि पनि नेपाललाई सहयोग गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

साथै, प्रधानमन्त्री शाह र महासचिव गुटेरेसबीच नदी किनारका बासिन्दाको पुनर्वास र हरित पुनर्निर्माणका विषयमा छलफल भएको थियो। अतिकम विकसित राष्ट्र (एलडीसी) सूचीबाट नेपालको स्तरोन्नतिको समयसीमा विस्तारबारेमा पनि कुराकानी भएको थियो।

# प्याराग्लाइडिङको विकासमा माधवको काँधमा नयाँ जिम्मेवारी

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

अग्लो शरीर, हँसीलो अनुहार। हरेक भेटमा 'हजुर' भनेर सम्बोधन गर्ने बानी। थोरै बोल्ने, धेरै सुन्ने। समाजमा कसैलाई समस्या पर्दा आफ्नै परिवारको सदस्यलाई परेको महसुस गर्दै आत्मैदेखि सहयोग गर्ने स्वभाव। यिनै विशेषताले माधव तिवारीलाई चिनाउँछ। साहसिक खेलका रूपमा परिचित प्याराग्लाइडिङसँग जोडिएका तिवारी सफल व्यवसायी र अनुभवी पाइलटका रूपमा पनि परिचित छन्।

जुनसुकै ठाउँमा भेट भए पनि उनको कुराकानीको विषय प्रायः एउटै हुन्थ्यो– प्याराग्लाइडिङ। प्याराग्लाइडिङको विकास, सम्भावना, सुरक्षा र व्यवस्थित सञ्चालनबारे उनी सधैँ चासो राख्थे। १५ वर्षदेखि प्याराग्लाइडिङ पाइलटका



रूपमा अनुभव बटुलेका तिवारीले एक दशकदेखि यसै क्षेत्रमा व्यवसायसमेत गर्दै आएका छन्। हवाई खेलकुदप्रतिको यही लगाव र समर्पणले उनलाई अहिले नेपाल हवाई खेलकुद संस्था (ना) को नेतृत्वसम्म पुऱ्याएको छ। नेपाल प्याराग्लाइडिङ पाइलट क्लबको संस्थापक कार्यसमितिमा रहेर सचिवको जिम्मेवारी सम्हालेका तिवारीले नेपाल हवाई खेलकुद संस्था (ना) मा पनि सचिव हुँदै उपाध्यक्षको जिम्मेवारी सम्हालिसकेका छन्। संस्थाभित्रको लामो अनुभवसँगै प्याराग्लाइडिङ क्षेत्रका प्राविधिक र व्यावसायिक पक्षबारेको उनको ज्ञानलाई अहिले नेतृत्वको जिम्मेवारीले थप अर्थ दिएको छ। नेपाल हवाई खेलकुद संस्था (ना) को बिहीबार पोखरामा सम्पन्न २३औँ साधारण सभा तथा ११औँ अधिवेशनले दुई वर्षे कार्यकालका लागि तिवारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित गरेको छ। अध्यक्ष पदमा तिवारीले दुई प्रतिस्पर्धीलाई पछि पार्दै निर्वाचित भएका हुन। निर्वाचनमा तिवारीले १३६ मत प्राप्त गरे। उनका प्रतिस्पर्धी सानुबाबु सुनुवारले १२३ र खेमराज आचार्यले १४ मत प्राप्त गरे। अध्यक्षमा निर्वाचित भएपछि तिवारीले पोखराको प्याराग्लाइडिङलाईव्यवस्थित,सुरक्षित र मर्यादित पेसाका रूपमा विकास गर्न विशेष भूमिका खेल्ने बताए। सबैलाई समेटेर संस्थाको नेतृत्व गर्ने उनको भनाइ छ। तिवारीको नेतृत्वमा निर्वाचित नयाँ कार्यसमितिको प्रथम उपाध्यक्षमा विजय गौतम १६६ मतसहित निर्वाचित भए। उनका प्रतिस्पर्धी नारायण पराजुलीले १०६ मत प्राप्त गरे। महासचिवमा रोशन गौतम १९२ मतसहित निर्वाचित हुँदा कमला नेपालीले ७८ मत प्राप्त गरिन। त्यस्तै, सचिवमा शर्मिला शर्मा १६० मतसहित विजयी भइन। उनको प्रतिस्पर्धी भुवन गाहाले ११६ मत प्राप्त गरे। कोषाध्यक्षमा रामचन्द्र सुवेदी 'राजु' १३१ मतसहित निर्वाचित भए। उनका प्रतिस्पर्धी सुरेशकुमार श्रेष्ठले ८४ र रेशमबहादुर थापाले ५१ मत प्राप्त गरे। प्राविधिक उपाध्यक्षमा सुरेश थापा निर्विरोध निर्वाचित भए। सदस्यमा अमित थापा, लक्ष्मण कुँवर, प्रकाश भुजेल, युवराज गौतम, रेवतीरमण पराजुली, रविन अधिकारी र दीपक थापा निर्वाचित भएका छन्। संस्थाको निवर्तमान अध्यक्षमा अनिल केसी रहेका छन्।

# बेनी–जोमसोम–कोरला सडकमा राति गाडी चलाउन नपाइने

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ असोज

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकमा यही असोज ८ देखि ११ गतेसम्म राति यातायात सञ्चालनमा रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङले एक सूचना प्रकाशित गरी म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभिरदेखि कोरला नाकासम्म साँझ ६:०० बजेदेखि बिहान ६:०० बजेसम्म रातिमा यातायात सञ्चालनमा रोक लगाएको जनाईएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार ती दिनमा वर्षा र हिमपातको सम्भावना रहेकाले सम्भावित विपद् र न्यूनीकरणका लागि जिल्ला प्रशासनले उक्त निर्णय गरेको हो।

मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारीका अनुसार बिहीबारदेखि चार दिन वर्षा र हिमपातको पूर्व सूचनालाई मध्यनजर गरी त्यस क्षेत्रमा यातायात सञ्चालनमा रोक लगाइएको छ। उहाँका अनुसार वर्षाका कारण कालीगण्डकी करिडोरको मुस्ताङ खण्डमा बाढी, पहिरो र नदी कटानको जोखिम रहेकाले सडक अवरुद्ध हुनसक्ने भएकाले सुरक्षित यात्राका लागि रात्रिकालीन समयमा यातायात सञ्चालन नगर्ने निर्णय भएको हो।

# ल्याण्डमार्कको रक्तदानमा विदेशीले पनि रक्तदान गरे

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

सामाजिक उत्तरदायित्व निभाउने उद्देश्यले लेकसाइडस्थित होटल ल्याण्डमार्कले शुक्रबार खुला रक्तदान कार्यक्रम आयोजना गरेको छ। रक्तदानमा होटलका कर्मचारी सहित होटलमा बसिरहेका विदेशी पाहुनाले पनि रक्तदान गरेको होटलका सिओओ बोधराज लम्सालले बताए।

होटलका वरिष्ठ व्यापार विकास अधिकृत पुष्पराज चालिसेका अनुसार होटलका कर्मचारी, भारतीय र तेश्रो मुलुकका विदेशीले समेत रक्तदान गर्दा ५४ यूनिट रगत संकलन भएको थियो। 'होटलले हरेक वर्ष रक्तदान कार्यक्रम आयोजना गर्छ। योपटक पनि त्यसैको निरन्तरता हो,' उनले भने, 'विदेशी पाहुना पनि प्रभावित भएर रक्तदान गरेका थिए।' रसुवा भोटेकोशीको बाढीले धेरै घाईते भएको र उनीहरुका लागि रगत आवश्यक पर्न सक्ने अवस्थालाई मध्यनजर गरेर यतिबेला रक्तदान कार्यक्रम गरेको उनले बताए। 'बाढिको चपेटामा परेका घाइतेका लागि पनि रगत चाहिने भन्ने थाहा पाएपछि होटलमा बसेका पाहुना पनि जिम्मेवार ठानेर रक्तदान गर्न आएका थिए,' उनले भने, 'रक्तदान गर्न पाउँदा पाहुना खुसी पनि थिए।' कार्यक्रमका संयोजक कृष्णप्रसाद पाण्डेले रक्तदानले कोही कसैको जीवन बचाउने भएकोले मानवीय कार्यका लागि अग्रसर बनेको बताए। उनले आगामि वर्ष पनि यस्तै कार्यक्रम गरिरहने बताए। रक्तसंचार केन्द्रसँगको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको जनरल म्यानेजर रमेश पन्तले बताउनु भयो।

# तमु समाज यूकेद्वारा प्रधानमन्त्री राहत कोषमा २५ लाख रुपैयाँ सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज

भोटेकोशी बाढीबाट प्रभावितको राहत तथा पुनर्स्थापनाका लागि तमु समाज यूकेले प्रधानमन्त्री राहत कोषमा २५ लाख १ हजार १ सय रुपैयाँ सहयोग गरेको छ।

तमु समाज यूकेको आमा समूहकी संस्थापक अध्यक्ष माया गुरुङको नेतृत्वमा नेपाल आएको टोलीले गृहमन्त्री सुधन गुरुङलाई भेटेर सहयोग रकमको चेक हस्तान्तरण गरेको हो। बाढीपीडितको राहत र पुनर्स्थापनामा सहयोग पुग्ने उद्देश्यले समाजको तर्फबाट प्रधानमन्त्री राहत कोषमा रकम प्रदान गरिएको माया गुरुङले बताइन्। चेक ग्रहण गर्दै गृहमन्त्री गुरुङले विपद्मा परेका नागरिकको सहयोगका लागि प्रधानमन्त्री राहत कोषमा योगदान गरेकोमा तमु समाज यूकेप्रति आभार व्यक्त गरे। चेक हस्तान्तरणका क्रममा तमु समाज यूकेका प्रतिनिधिले गृहमन्त्री गुरुङलाई खादा, माला, फेटा, भाङ्ग्रा तथा गलवन्दी लगाएर सम्मानसमेत गरेका थिए। टोलीमा तमु समाज यूकेको आमा समूहकी संस्थापक अध्यक्ष माया गुरुङ, समाजसेवी




चन्द्रबहादुर गुरुङ, तमु समाज यूकेकी प्रथम महिला विष्णुमति गुरुङ र माया (डोल्मा) गुरुङको टोली नेपाल सहयोग हस्तान्तरणका लागि नेपाल आएको हो। सहयोग हस्तान्तरणका लागि आवश्यक व्यवस्थापन समाजकी अध्यक्ष बिन्दुकुमारी गुरुङ, संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङ, तत्कालिन अध्यक्ष शिवशरण गुरुङ र कोषाध्यक्ष चन्द्रकान्त गुरुङले गरेका थिए। गृहमन्त्री गुरुङसँगको भेटघाटको समन्वय बोरो अफ स्वीडनका काउन्सिलर ज्ञान गुरुङले गरेका थिए।

तमु समाज यूकेको स्थापना तथा संस्थागत विकासको इतिहास लामो छ। ७ जुलाई २०१२ मा भएको वार्षिक साधारण सभाले संस्थाको नाम परिवर्तन गरी तमु समाज यूके राख्ने निर्णय गरेको थियो। त्यसको केही महिनापछि १० डिसेम्बर २०१२ मा बेलायतको च्यारिटी कमिसनमा समाज औपचारिक रूपमा दर्ता भएको थियो। तत्कालिन अध्यक्ष शिवशरण गुरुङ, संस्थापक अध्यक्ष चित्रबहादुर गुरुङलगायतको नेतृत्व र मार्गदर्शनमा अघि बढेको समाजले बेलायतमा नेपाली तथा तमु समुदायसँग सम्बन्धित विभिन्न सामाजिक गतिविधि गर्दै आएको छ। सामाजिक सेवा, समुदायको हित तथा विपद्का बेला सहयोग गर्ने उद्देश्यअनुसार समाजले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

भोटेकोशी बाढीपीडितका लागि अहिले गरिएको सहयोग पनि त्यही सामाजिक उत्तरदायित्वको निरन्तरताका रूपमा गरिएको हो। समाजले विगतमा पनि नेपालका विभिन्न विपद्का समयमा सहयोग गर्दै आएको छ। सन् २०१५ को भूकम्प, सेती नदीको बाढी तथा कोरोना महामारीका बेला समाजले विभिन्न स्थानमा राहत सामग्री वितरण र आर्थिक सहयोग गरेको थियो। सोही कार्यलाई निरन्तरता दिदैं समाजले १० भदौमाभोटेकोशीनदीमाआएकोबाढी तथा देशका विभिन्न स्थानमा भएका बाढीपहिरोबाट प्रभावित परिवार हरूलाई सहयोग पुऱ्याउने उद्देश्यले राहत संकलन अभियान सञ्चालन गरेको थियो। अभियानमा समाजका सदस्यहरू, विभिन्न संघसंस्था, कम्पनी तथा शुभचिन्तकहरूले सहयोग गरेको तमु समाज यूके, आमा समूहकी संस्थापक अध्यक्ष माया गुरुङ बताइन्। समाजले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ र बेपत्ता नागरिकहरूको खोजी कार्य सफलताको कामना गरेको छ। साथै, राहत संकलन अभियानमा योगदान दिने सम्पूर्ण सदस्य, संघसंस्था, कम्पनी तथा शुभचिन्तकहरूप्रति समाजले आभार व्यक्त गरेको छ।

# महिला कबड्डीमा नेपाललाई कास्य पदक

रासस
काठमाडौं, ९ असोज

जापानको इची-नागोयामा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला कबड्डी खेलमा नेपालले कास्य पदक प्राप्त गरेको छ।

जापानको तोकाइ सिटिजन व्यायामशालामा शुक्रबार भएको सेमिफाइनल खेलमा भारतसँग ४८-२४ अङ्कले पराजित भएसँगै नेपालले कास्य पदकमा चित्त बुझाउनु परेको हो। यसअघि सन् २०२३ मा चीनको हाङजाउमा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा पनि नेपाल भारतसँग नै सेमिफाइनलमा पराजित भएको थियो। शुक्रबारको सेमिफाइनल खेलमा भारतले पहिलो हाफमा ३१-१७ अङ्कको जित निकालेको थियो। भारतले दोस्रो हाफमा १७-७ अङ्कले अग्रता लियो। नेपालले यसअघि समूह चरणको खेलमा थाइल्यान्डलाई हराएको थियो भने चाइनिज ताइपेईसँग पराजित भएको थियो।

## जापानिज भाषा प्रशिक्षक आवश्यकता

**जापानिज भाषा प्रशिक्षक १ जना** आवश्यक भएकोले इच्छुक व्यक्तिवाट वायोडाटा समेतको निवेदन ९८४६४३४३०८ WhatsApp नम्बरमा असोज महिना २० गतेभित्र पठाउन आव्हान गरिन्छ। तलव र अन्य कुरा आपसी छलफलवाट तय गरिनेछ। विस्तृत जानकारीको लागि तपसिलको नम्बरमा सम्पर्क राख्नुहुनेछ।

**प्रिन्सीपल**
**फुजि जापानिज भाषा केन्द्र**
**चिप्लेढुंगा, पोखरा**
**(ट्रेडमल नजिकको रत्न इम्पोरियमको अपोजिट साइड)**
**सम्पर्क नम्वर: ९८४६४३४३०८**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'ना'को अध्यक्षमा माधव तिवारी निर्वाचित, प्याराग्लाईडिङलाई व्यबस्थित बनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

नेपाल हवाई खेलकुद संस्था (ना) को २३ औँ साधारण सभा तथा ११औँ अधिवेशनले दुई वर्षे कार्यकालका लागि माधव तिवारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ । अध्यक्ष पदमा तिवारीले १३६ मत प्राप्त गर्दै विजयी हुँदा उनका प्रतिस्पर्धी सानुबाबु सुनुवारले भने १२३ र खेमराज आचार्यले १४ मत प्राप्त गर्नुभयो ।

निर्वाचित अध्यक्ष तिवारीले पोखराको प्याराग्लाईडिङलाई व्यबस्थित र मर्यादित पेशाको रुपमा बनाउन बिषेश भुमिका खेल्ने बताउनु भयो । प्रथम उपाध्यक्षमा विजय गौतम १६६ मतसहित निर्वाचित हुनु भयो । उहाँका प्रतिस्पर्धी नारायण पराजुलीले १०६ मत



प्राप्त गर्नुभयो । महासचिवमा रोशन गौतम १९२ मतसहित निर्वाचित हुँदा कमला नेपालीले ७८ मत प्राप्त गर्नुभयो ।

त्यस्तै, सचिवमा शर्मिला शर्मा १६० मतसहित विजयी हुँदा उनका प्रतिस्पर्धी भुवन गाहाले ११६ मत प्राप्त गर्नुभयो ।

कोषाध्यक्षमा रामचन्द्र सुवेदी 'राजु' १३१ मतसहित निर्वाचित हुनुभयो । उहाँका प्रतिस्पर्धी सुरेश कुमार श्रेष्ठले ८४ र कोषाध्यक्षका अर्का प्रत्यासी रेशमबहादुर थापाले ५१ मत प्राप्त गर्नुभयो । प्राविधिक उपाध्यक्षमा सुरेश थापा निर्विरोध निर्वाचित हुनु भयो । सदस्यमा अमित थापा, लक्ष्मण कुँवर, प्रकाश भुजेल, युवराज गौतम, रेवतीरमण पराजुली, रविन अधिकारी र दीपक थापा निर्वाचित भएका छन् । संस्थाको निवर्तमान अध्यक्षमा अनिल केसी रहनु भएको छ । यसैबीच, उक्त कार्यक्रमको बुधबार उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले प्याराग्लाइडिङ पोखराको पहिचान बनिसकेकाले यसको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनु भयो । निवर्तमान अध्यक्ष अनिल केसीले नेपालमा प्याराग्लाइडिङको सुरुवात सन् १९९६ मा प्रशिक्षणात्मक उडानबाट भएको र सन् २००० देखि व्यावसायिक रूपमा सञ्चालनमा आएको जानकारी दिदै सुरुवातमा सात कम्पनीबाट सुरु भएको प्याराग्लाइडिङ व्यवसायमा अहिले ५७ कम्पनी र ४१३ प्यारापाइलट आबद्ध रहेको उल्लेख गर्नुभयो । यस क्षेत्रमा हालसम्म करिब एक अर्ब रुपैयाँ लगानी भएको उहाँले बताउनु भयो ।

# शिक्षणको यात्रामा पोखरेललाई विद्यावारिधि

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

सरल स्वभाव, इमानदार व्यवहार र आफ्नो जिम्मेवारीप्रति अडिग । शिक्षण पेसामा लामो समयदेखि निरन्तर खटिँदै आएका ताराप्रसाद पोखरेलको शैक्षिक यात्रामा नयाँ अध्याय थपिएको छ ।

पोखरा वडा नं ६ स्थित तालबाराही माध्यमिक विद्यालयका प्रधानाध्यापक पोखरेलले त्रिभुवन विश्वविद्यालयबाट नेपाली शिक्षामा विद्यावारिधि (पिएचडी) उपाधि हासिल गरेका छन् । उनले 'आधारभूत तहका मगर मातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइ' विषयमा अनुसन्धान गरी यो उपाधि प्राप्त गरेका हुन् । कीर्तिपुर स्थित ग्र्याजुएट स्कुल अफ एजुकेसनमा हालै सम्पन्न अन्तिम मौखिक परीक्षापछि उनलाई



विद्यावारिधिको उपाधि प्रदान गरिएको हो । डिन प्राडा. वेदराज आचार्य र शोधनिर्देशक प्राडा. केशवराज पोखरेलले उनलाई बधाई दिएका थिए । पाल्पाको रैनादेवी छहरा-२, सोमादीमा जन्मिएका पोखरेल शिक्षा, साहित्य र पत्रकारितामा पनि सक्रिय छन् । उनले लामो समय पत्रकारिता गरेका छन् भने केही समय प्रहरी सेवाको अनुभवसमेत सँगालेका छन् । 'अभिशप्त वर्तमान' कविता कृतिका लेखक पोखरेलले नेपाली व्याकरणसम्बन्धी पाठ्यपुस्तकसमेत लेखेका छन् । मगर समुदायको भाषा, संस्कृति र सिकाइप्रतिको आफ्नै गाउँदेखिको चासोले उनलाई यही विषयमा अनुसन्धान गर्न प्रेरित गरेको हो । 'आफ्नै गाउँमा मगर समुदायको बसोबास भएकाले उनीहरूको संस्कृति, भाषा र सिकाइबारे सानैदेखि चासो थियो । त्यसैले पिएचडीका लागि पनि यही विषय रोजेँ,' उनले भने । अनुसन्धानका क्रममा रूपन्देहीको मगर बस्तीमा पुगेर उनले मातृभाषामा भइरहेको पठनपाठनलाई नजिकबाट अध्ययन गरे । मगर समुदायको भाषा र संस्कृतिलाई नेपाली भाषा शिक्षणसँग जोड्न सके सिकाइ सहज हुनुका साथै संस्कृति संरक्षणमा समेत सहयोग पुग्ने उनको निष्कर्ष छ ।

# पोखरामा पहिलो पटक दशैं पर्यटन तथा सांस्कृतिक महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असोज

नेपालीहरूको महान् पर्व बडादशैंलाई पर्यटनसँग जोड्दै पोखरामा पहिलो पटक 'दशैं पर्यटन तथा सांस्कृतिक महोत्सव २०८३' आयोजना हुने भएको छ । नेपाली संस्कृति, परम्परा र पारिवारिक पुनर्मिलनको पर्वलाई पर्यटकसँग जोडेर पोखराको पर्यटनमा नयाँपन दिने उद्देश्यले महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) ले महोत्सव गर्ने तयारी गरेको हो ।

'टीका, जमरा र चङ्गा चेट, पोखरामा पर्यटकसँग दशैं भेट' भन्ने मूल नाराका साथ आगामी कात्तिक ८ गते कोजाग्रत पूर्णिमाका दिन लेकसाइडस्थित बाराहीघाट मैदानमा महोत्सव आयोजना गरिने तयारी गरिएको शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा ओटेफकी अध्यक्ष ममता न्यौपानेले बताउनु भयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनमा महोत्सव हुने भएको हो ।

महोत्सव संयोजक तथा ओटेफकी निवर्तमान अध्यक्ष उमा भण्डारीले नेपाली समाजको पारिवारिक पुनर्मिलन, आशीर्वाद, सद्भाव र सांस्कृतिक परम्परासँग जोडिएको दशैंलाई पर्यटनको माध्यम बनाउँदै नेपालको मौलिक संस्कृति विश्वसामु




चिनाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताउनु भयो । दशैंको सांस्कृतिक अनुभूति विदेशी पर्यटकलाई समेत गराउने गरी महोत्सवमा उहाँहरुलाई नेपाली परम्पराअनुसार टीका र जमरा लगाइदिने कार्यक्रम राखिएको जानकारी दिनुभयो । ' दशैं नेपालीका लागि पारिवारिक पुनर्मिलन र आशीर्वादको पर्व हो । यही मौलिकतालाई पर्यटकले पनि प्रत्यक्ष अनुभव गर्न सकून् भन्ने हाम्रो उद्देश्य हो,' भण्डारीले भन्नुभयो । महोत्सवको सुरुवात कोजाग्रत पूर्णिमाको दिन बिहान खहरेचोकदेखि बाराहीघाटसम्म हुने सांस्कृतिक तथा पर्यटन प्रवर्द्धनात्मक ऱ्यालीबाट हुनेछ । ऱ्यालीमा पञ्चेबाजा, पर्यटनसम्बद्ध संघसंस्था, आमा समूह, स्थानीय समुदाय तथा विभिन्न सांस्कृतिक समूहको सहभागिता रहनेछ ।

महोत्सव स्थलमा विदेशी तथा स्वदेशी पर्यटकलाई टीका र जमरा लगाउने कार्यक्रमसँगै नेपाली मौलिक खानाका परिकार, स्थानीय उत्पादन तथा परम्परागत सामग्रीको प्रदर्शन गरिनेछ । चङ्गा चेट प्रतियोगिता, चमरेली पिङ, रोटे पिङ तथा घुमाउने पिङका साथै विभिन्न जातजाति र समुदायका मौलिक सांस्कृतिक प्रस्तुति महोत्सवका आकर्षण रहनेछन् । पर्यटनसम्बन्धी व्यवसायिक स्टल समेत राखिने आयोजकले जनाएको छ । ओटेफकी संस्थापक अध्यक्ष जमुना पराजुलीले दशैं पर्यटन तथा सांस्कृतिक महोत्सवलाई संस्थाको 'सिग्नेचर कार्यक्रम' का रूपमा अघि बढाउने बताउनु भयो । नेपाली संस्कृति र पर्यटनलाई जोड्ने गरी सुरु गरिएको यो कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने उद्देश्य रहेको उहाँले जनाउनु भयो । ओटेफकी अध्यक्ष ममता न्यौपानेले महोत्सवकै अवसरमा कबड्डी प्रतियोगितासमेत आयोजना गरिने जानकारी दिनुभयो । नेपाली मौलिक खेल, संस्कृति र पर्वलाई पर्यटनसँग जोडेर पर्यटकलाई फरक अनुभव प्रदान गर्ने प्रयास गरिएको उहाँको भनाई छ । नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत जयशक्ति सराफले महोत्सवका लागि बोर्डको तर्फबाट सहयोग रहने बताउदै नेपाल पर्यटनका लागि खुला रहेको सन्देश प्रवाह गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने जनाउनु भयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले सांस्कृतिक कार्यक्रम आयोजना गर्दा सम्बन्धित पर्व किन मनाइन्छ र त्यसको सामाजिक तथा सांस्कृतिक महत्व के हो भन्ने जानकारीसमेत पर्यटकलाई दिन आवश्यक रहेको बताउनु भयो ।

निजी क्षेत्रले पर्यटन प्रवर्द्धनका लागि निरन्तर मेहनत गरिरहेको उल्लेख गर्दै उहाँले दशैंलाई पर्यटनसँग जोड्ने महोत्सवले पोखराको पर्यटनमा नयाँपन थप्ने दाबी गर्नुभयो । कोजाग्रत पूर्णिमाका दिन फेवातालस्थित तालबाराहीमन्दिरमाहिन्दुधर्मावलम्बीको धार्मिक मेला लाग्ने भएकाले पनि सोही अवसरलाई पर्यटनसँग जोड्न खोजिएको आयोजकले जनाएको छ ।

# धवलागिरि हिमाल आरोहण टोली फर्कियो


**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असोज

म्याग्दीमा रहेको संसारको सातौँ (आठ हजार १६७) मिटर अग्लो धवलागिरि हिमाल आरोहणका लागि आएका पर्वतारोही फर्किएका छन् ।

म्याग्दीको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्ने धवलागिरि हिमाल आरोहणका लागि आधार शिविर क्षेत्रमा पुगेका पर्वतारोहीको टोली प्रतिकूल मौसमका कारण फर्किएका हुन् ।

आरोहण टोलीको समन्वय गर्नुभएका म्याग्दीका पर्यटनकर्मी इन्द्रसिङ शेरचनले आधार शिविरमा रहेका ३० जनाको पर्वतारोही टोली बिहीबार फर्किएको जानकारी दिनुभयो । "असोज ९ देखि ११ गतेसम्म भीषण वर्षा हुने पूर्वसूचना र प्रतिकूल मौसमका कारण हुनसक्ने सम्भावित जोखिमबाट बच्न आरोहण टोली सुरक्षित ठाउँमा फर्किएका हुन्", उहाँले भन्नुभयो, "चार दिनपछि मौसम सफा भएमा आरोहणलाई निरन्तरता दिने निर्णय गर्दै तल्लो क्षेत्रमा रहेको इटली आधार शिविर झरेका छन् ।" केही पर्वतारोही भने हेलिकप्टरबाट पोखरा पुगेको शेरचनले बताउनुभयो । 'एठ के', 'सेभेन समिट' र 'फोरटिन पिक्स' ट्रेकिङ कम्पनीमार्फत गत शनिबार पर्वतारोही टोली धवलागिरि आधार शिविर पुगेका थिए ।

उक्त टोलीले बिहीबारदेखि मौसम प्रतिकूल हुन थालेपछि आरोहणलाई स्थगित गरेर सुरक्षित ठाउँमा फर्कने निर्णय गरेको शेरचनले बताउनुभयो । मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले म्याग्दीलाई बिहीबारदेखि आइतबारसम्म भारी वर्षाका कारण जोखिमयुक्त क्षेत्र पहिचान गरेको



छ । पर्यटन विभागले सार्वजनिक सूचना जारी गर्दै हिमाली क्षेत्रमा रहेका पर्वतारोहीलाई सतर्कता अपनाउन र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले मौसम अनुकूल नहुँदासम्म आधार शिविरतर्फ नजान अनुरोध गरेका छन् ।

चालु शरदयाममा धवलागिरि आरोहणका लागि पर्यटन विभागबाट चारवटा समूहका १० महिलासहित ३४ जनाले अनुमति लिएका छन् । उनीहरूबाट रु ७७ लाख ८२ हजार ४५० सलामी दस्तुर (आरोहण) शुल्क प्राप्त भएको विभागका शाखा अधिकृत सुधा रेग्मीद्वारा जारी सूचनामा उल्लेख छ । गत वसन्तयाममा तीनवटा समूहका १२ महिला र १६ पुरुष र २०८२ को शरदयाममा ३६ जनाले धवलागिरि आरोहणका लागि अनुमति लिएको विभागको अभिलेखमा उल्लेख छ । छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणको प्रमुख चुनौती हो ।

अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरिको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्जे शेर्पा र नवाङ दोर्जे शेर्पा पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो । त्यसैगरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका पर्यटक पनि फर्किएका छन् । बिहीबारदेखि पदयात्रा बन्द भएको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरुङले बताउनुभयो । पर्यटकयाम सुरु हुनै लागेको समयमा भोटेकोशी बाढी र भारी वर्षातका कारण धेरै पर्यटकले भ्रमण रद्द गरेको उहाँले बताउनुभयो ।

# ढोरपाटनमा सिकार याम सुरु: दश नाउर र सात झारलका लागि अनुमति

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असोज

ढोरपाटन सिकार आरक्षमा यस वर्षको पहिलो सिकार याम सुरु भएको छ ।

असोजदेखि मङ्सिरसम्मको यस वर्ष याममा १० नाउर र सात झारलको सिकार गरिने छ । ढोरपाटनमा सिकार खेल्न अनुमति प्राप्त विदेशका सिकारी नेपाल आउन वन्यजन्तु विभागअन्तर्गत ठेक्का पाएका कम्पनीसँग तरखर गरी समन्वय गरी रहेको प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिनुभयो । विश्वका धनाश्य र सिकारका पारखी सिकारी ढोरपाटनमा सिकार खेल्न आउने गरेका छन् । विगत केही दशकदेखि खासगरी रसियन, अमेरिका, स्पेन, डेनिस, अफ्रिकन र फ्रान्सलगायतका देशबट सिकार खेल्न नेपाल आउने गरेको पाइन्छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले प्रतिस्पर्धाबाट सिकार गराउन विभिन्न कम्पनीसँग गत भदौमा दरभाउ पत्र आह्वान गरेको थियो । ढोरपाटन सिकार आरक्षमा गत वर्ष दुई याममा २१ नाउर र ११ झारलको सिकार भएको थियो ।

त्यसबाट रु चार करोड १७ लाख राजस्व सङ्कलन भयो । यस वर्षको पहिलो याममा राजस्व बुझाउने काम भइरहेको छ । गत वर्ष एउटै नाउरको रु २० लाख मूल्य कायम भएको जानकारी दिँदै प्रमुख संरक्षण अधिकृत बरालले यो वर्ष आरक्षभित्र रहेका नाउर र झारलको गणना गरिने जानकारी दिनुभयो ।

विदेशी सिकारी हेलिकप्टरमार्फत सिधैं सिकार आरक्षण क्षेत्रमा पुग्ने गरेका छन् । आरक्षमा सुर्तिबाङ, फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ र सुनदह गरी सात सिकार ब्लक कायम गरिएको छ ।

सिकार खेल्ने क्रममा नेपाली सहयोगीसहित आरक्षका कर्मचारी पनि विदेशी सिकारीसँग खटिनेछन् । विभागले हरेक वर्ष नाउर र झारलको सिकारका लागि कोटा निर्धारण गर्दैआएको छ । विदेशी सिकारी समूहले १५ दिनभित्र तोकिएको ब्लकमा सिकार खेल्नुपर्ने छ । विभागका अनुसार दोस्रो याम फागुनदेखि वैशाखसम्मका लागि सिकार गर्न अनुमति प्रदान गरिने छ । विसं २०४४ मा स्थापित आरक्षण पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ ।

आरक्ष कार्यालय भने बागलुङको ढोरपाटन उपत्यकामा रहेको छ । गत वर्षमा ढोरपाटन सिकार आरक्षमा क्षेत्रमा ३७ हजार आन्तरिक र बाह्य पर्यटक अवलोकनका लागि पुगेको आरक्ष कार्यालयले जनाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं.-१४ बस्ने गम्भरसिं गुरुङको छोरा भारतीय सेना भु.पु.नं. ५३३४९३७, ५/४ जि.आर. नायक जगत बहादुर गुरुङको श्रीमती भिम कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भिम कुमारी गुरुङ उल्लेख भएको तर श्रीमान्को भारतीय पेन्सन अभिलेखमा निजको नामथर भिम कुमारी गुरुङसेनी **(Bhim Kumari Grungseni)** उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमान्को भारतीय पेन्सन अभिलेखमा नामथर फरक परेता पनि उल्लेखित फरक नामथर भएको व्यक्ति एउटै भएको भनी कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय पर्वतको च.नं. १७९, मिति २०८३/०६/०५ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# काउलेपानीको काखमा जीवित जलदेवीको विश्वास

रासस
लमजुङ, ९ असोज

पहाडको शान्त बस्ती, वरिपरि हरियाली जङ्गल । तल ऐतिहासिक गाउँसहर दरबार र माथि पुरानोकोट गढी । यही ऐतिहासिक परिवेशमा रहेको काउलेपानी प्राकृतिक सौन्दर्यसँगै धार्मिक आस्था र स्थानीय संस्कृतिका कारण परिचित छ । यहाँ आउने पर्यटकलाई घरबास (होमस्टे)को आत्मीय सत्कारसँगै पानीको बीचमा देवी उत्पत्ति भएको विश्वासले पनि आकर्षित गर्ने गरेको छ ।

बेँसीसहर नगरपालिका-३ मा रहेको जलदेवी मन्दिरलाई स्थानीय काउलेपानी देवी मन्दिर पनि भन्ने गर्छन् । स्थानीय किंवदन्तीअनुसार पानीको बीचमा देवीको मूर्ति भेटिएपछि त्यहीँबाट पूजा गर्ने चलन सुरु भएको हो । पानीमा लाग्ने लेउलाई स्थानीय रूपमा 'काउले' भनिने भएकाले देवीको नाम काउलेपानी रहन गएको र पछि सोही नामबाट गाउँको नामसमेत काउलेपानी रहन गएको स्थानीय बताउँछन् । काउलेपानी पर्यटन विकास समिति तथा घरबास व्यवस्थापन समितिका अध्यक्ष देवबहादुर गुरुङका अनुसार यस क्षेत्रसँग सिद्धिबाबा तथा योगीको पुरानो तपस्याको किंवदन्ती जोडिएको छ । उहाँका अनुसार १५औँ शताब्दीतिर यस क्षेत्रमा सिद्धिबाबा तथा योगी बस्ने र तपस्या गर्ने गर्थे । "सिद्धिबाबाले



सपनामा पानीको बीचमा देवीको मूर्ति देखेका थिए । त्यसपछि त्यहाँ गएर हेर्दा पानीको बीचमा देवीको मूर्ति भेटिएको किंवदन्ती छ । त्यहीँबाट देवी स्थापना गरी पूजा गर्ने चलन सुरु भएको र अहिलेसम्म कायम रहँदै आएको विश्वास छ", गुरुङले भन्नुभयो । पानीको बीचमै पूजा गर्न कठिन भएपछि देवीको मूर्ति केही बाहिर ल्याएर पूजा गर्न थालिएको स्थानीय किंवदन्ती छ । त्यसयता सोही स्थानमा मन्दिर स्थापना गरी पूजा तथा दर्शन गर्ने परम्परा कायम रहेको स्थानीय बताउँछन् । पानीको बीचमा देवी उत्पत्ति भएको विश्वास भएकाले उहाँलाई 'जलदेवी' भनिएको हो ।

काउलेपानीमा सिद्धिबाबा तथा योगी बसेका र तपस्या गरेका विश्वाससँग जोडिएका स्थल रहेका छन् । स्थानीय रूपमा जोगीडाँडा भनिने स्थानमा सिद्धिबाबाले तपस्या गरेको चौतारा तथा ढुङ्गामा उहाँको पाइलाको छाप रहेको बताइन्छ । स्थानीयवासीले यी स्थललाई पुरानो धार्मिक परम्पराको स्मृतिसँग जोडेर हेर्ने गरेका छन् । जलदेवीप्रति स्थानीयको धार्मिक आस्था रहेको देवबहादुर गुरुङ बताउनुहुन्छ । मन्दिरमा पूजा तथा भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । धार्मिक आस्थाका साथ काठमाडौँ, पोखरा, चितवनलगायत विभिन्न ठाउँबाट भक्तजन दर्शन तथा पूजाका लागि आउने गरेका छन् । काउलेपानीको जलस्रोतसँग धार्मिक विश्वाससँगै ऐतिहासिक सम्बन्धसमेत जोडिएको स्थानीय बताउँछन् । स्थानीय बुढापाकाकाअनुसार तत्कालीन राजाले यहाँको पानी ढुङ्गाबाट बनाइएको भूमिगत संरचना तथा सुरुङमार्फत दरबारसम्म पुऱ्याएर प्रयोग गर्ने गरेका थिए । काउलेपानीको पानी दक्षिणतर्फ मूल फुटेर उत्तरतर्फ बग्ने भएकाले स्थानीयले यसलाई 'उत्तरगङ्गा'समेत भन्ने गर्छन् । कात्तिक, दूला एकादशी र माघ महिनामा यहाँ स्नान गरे पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको गुरुङले बताउनुभयो । स्थानीय जानकार कविन्द्र गुरुङका अनुसार काउलेपानीमा परम्परादेखि गुरुङ पुजारीले पूजा गर्दै आएका छन् । कात्तिक र चैते दसैँमा गाउँले सामूहिक रूपमा पूजा गर्ने तथा अन्य समयमा व्यक्तिगत रूपमा पूजा तथा दर्शन गर्ने परम्परा रहेको उहाँले बताउनुभयो । "पहिलेदेखि नै गुरुङ पुजारीले पूजा गर्दै आएका छन् । कात्तिक र चैते दसैँमा गाउँले मिलेर पूजा गर्छन् । यहाँको धार्मिक आस्था जीवित छ", कविन्द्र गुरुङले भन्नुभयो । समय क्रममा मन्दिर जीर्ण भएपछि पुनःनिर्माण गरिएको हो । गुरुङका अनुसार विसं २०७७/७८ मा सङ्घीय सरकारको करिब रु २७ लाख बजेटमा मन्दिरको नयाँ संरचना निर्माण गरिएको हो । धार्मिक महत्वसँगै काउलेपानी ग्रामीण पर्यटनको गन्तव्यका रूपमा पनि विकास भइरहेको छ । गाउँमा हाल १३ घरबास सञ्चालनमा छन् । गुरुङ र नेवार समुदायका घरमा सञ्चालित घरबासमा करिब ९० जनासम्म पाहुना राख्न सकिने क्षमता रहेको स्थानीयले बताएका छन् । घरबासमा आउने पाहुनाले स्थानीय खानपान, संस्कृति र रहनसहनको अनुभव लिनुका साथै गाउँसहर दरबार, पुरानोकोट गढीलगायत ऐतिहासिक तथा धार्मिकस्थलको अवलोकन गर्ने गरेका छन् । प्राकृतिक सौन्दर्य, घरबास, ऐतिहासिकस्थल र पानीको बीचमा देवी उत्पत्ति भएको स्थानीय विश्वासले काउलेपानीको छुट्टै धार्मिक तथा सांस्कृतिक पहिचान बनाएको छ । पुस्तौँदेखि चल्दै आएको जलदेवीको पूजा परम्परा स्थानीयको आस्था र संस्कृतिसँग जोडिएर निरन्तर छ ।

# कोन सामुदायिक सहकारीको २८ औँ साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ९ असोज




सहकारी केवल बचत र ऋणको कारोबार गर्ने संस्था मात्र होइन । सदस्यहरुबीचको सहकार्य, विश्वास र सामूहिक समृद्धिको आधार पनि हो ।

यही भावनालाई आत्मसात गर्दै अघि बढिरहेको पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो २८ औँ वार्षिक साधारण सभा हालै सम्पन्न गरेको छ । साधारण सभाले सहकारीको विगतको समीक्षा गर्दै आगामी दिनमा संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउने विषयमा छलफल गरेको थियो । सोही साधारण सभाको सञ्चालक समितिका अध्यक्ष माधवप्रसाद सिग्देल र मानार्थ संरक्षक शरदकान्त सिग्देलले संयुक्त रूपमा उद्घाटन गरेका थिए । सभामा सञ्चालक समितिका अध्यक्ष सिग्देलले संस्थाको प्रगति र भावी योजनाबारे धारणा राखेका थिए । त्यसैगरी मानार्थ सिग्देलले संस्थाले स्थापनादेखि हालसम्म हाँसिल गरेको प्रगतिलाई निरन्तरता दिँदै सदस्यको हित र संस्थागत सुशासनलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

सभामा अध्यक्ष सिग्देलको वार्षिक प्रतिवेदन, सचिव सुरेन्द्रप्रसाद सिग्देल, कोषाध्यक्ष जयप्रसाद सापकोटा तथा लेखा सुपरिवेक्षण समिति संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देलले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा उपाध्यक्ष शान्तकुमार श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए भने सदस्य शारदा सिग्देल पराजुलीले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन् । शेयर सदस्यहरूका तर्फबाट लक्ष्मीदेवी सिग्देल र पूर्ण जी.सी.ले सहकारीको महत्व र सदस्यको भूमिकाबारे धारणा राखेका थिए । सोही अवसरमा सहकारीप्रति योगदान पुऱ्याउने शेयर सदस्यद्वय हरिश्चन्द्र सिग्देल र होमकुमारी सुनारलाई सम्मान गरिएको थियो । सहकारीका अध्यक्ष माधवप्रसाद सिग्देलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव सुरेन्द्रप्रसाद सिग्देलले गरेका थिए ।

# मुस्ताङमा स्थानीय तह र स्वास्थ्य संस्थालाई सम्मान

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ असोज

मुस्ताङमा स्थानीय तह र स्वास्थ्य संस्थालाई सम्मान गरिएको छ । स्थानीय तह र स्वास्थ्य संस्थाको कार्यदक्षता र उनीहरूको प्रोत्साहनका लागि प्रदेश जनस्वास्थ्य कार्यालयले आज यहाँका तीन स्थानीय तह र तीन स्वास्थ्य संस्थालाई सम्मान गरेको हो ।

आर्थिक वर्ष २०८२/८३ को सम्पादित स्वास्थ्य कार्यक्रमको जिल्लास्तरीय वार्षिक समीक्षा तथा योजना कार्यक्रमको समापन कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय मुस्ताङका विभिन्न सूचकको प्रगति मूल्याङ्कनका आधारमा स्थानीय तह र स्वास्थ्य संस्थालाई सम्मान गरिएको प्रदेश जनस्वास्थ्य कार्यालय प्रमुख भुवन ठकुराठीले जानकारी दिनुभयो । प्रदेश जनस्वास्थ्य कार्यालयको प्रगति मूल्याङ्कनका आधारमा आव २०८२/८३ मा ७७ दशमलव १३ प्रतिशत अङ्क प्राप्त गरी घरपझोङ गाउँपालिका पहिलो बनेको छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले ७४ दशमलव ११ दोस्रो र थासाङ गाउँपालिका ७० दशमलव ८९ प्रतिशत अङ्क प्राप्त गरी तेस्रो भएको छ । कार्यालयको वार्षिक प्रगति मूल्याङ्कनका आधारमा मुस्ताङका २३ वटा स्वास्थ्य संस्थामध्ये घरपझोङ गाउँपालिकाको जोमसोम स्वास्थ्यचौकी (ठिनी) ले ७९ दशमलव ८६ प्रतिशत अङ्क प्राप्त गरी पहिलो भएको छ । यस्तै, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको छुसाङ स्वास्थ्यचौकीले ७८ दशमलव २५ सहित दोस्रो र थासाङ गाउँपालिका-३ को लेते प्राथमिक स्वास्थ्य केन्द्रले ७३ दशमलव २० अङ्क प्राप्त गरी तेस्रो स्थान हासिल गरेको छ । जिल्लास्तरीय रूपमा स्थानीय तह र स्वास्थ्य स्वास्थ्य संस्थाबाट प्रथम, दोस्रो र तेस्रो हुनेलाई मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारी र कार्यालय प्रमुख ठकुराठीले सम्मानपत्र अर्पण गर्नुभएको थियो । वार्षिक समीक्षा कार्यक्रममा गत वर्ष सम्पादित स्वास्थ्य कार्यक्रमको समीक्षा गरिएको थियो भने आव २०८३/८४ को लागि योजना तर्जुमा सम्बन्धी छलफल भएको थियो ।

# अन्नपूर्णमा घरमा प्रसूति हुनेको सङ्ख्या शून्य

पोखरापत्र संवाददाता
म्याग्दी, ९ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले लगातार तेस्रो आर्थिक वर्षसम्म घरमा हुने प्रसूतिलाई शून्यमा कायम गर्न सफल भएको छ । मातृ शिशु स्वास्थ्यमा सुधार ल्याउनका लागि अन्नपूर्णले घरमा प्रसूति हुनेको सङ्ख्या शून्य बनाएको हो ।

असुरक्षित प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी नवजात शिशु र आमाको स्वास्थ्यमा सुधार ल्याउन गरेको प्रयासस्वरुप घरमा प्रसूति हुनेको सङ्ख्या लगातार तेस्रो वर्ष शून्य कायम भएको अन्नपूर्ण गाउँपालिकाको जनस्वास्थ्य निरीक्षक समुन्द्र बरुवालले जानकारी दिनुभयो । "अन्नपूर्णका सबै गर्भवतीहरूले पछिल्लो तीन वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका छन् । घरमा प्रसूति हुनेको सङ्ख्या शून्य बनाएका छौँ", उहाँले भन्नुभयो, "यसलाई कायम राख्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइरहेका छौँ ।"

यहाँ आर्थिक वर्ष २०८२/८३ मा ९१ जना, २०८१/८२ मा ७९ र २०८०/८१ मा ९१ जनाले सुरक्षित प्रसूति सेवा लिएका छन् । गत आवमा सुत्केरी भएका ९१ जनामध्ये २५ जनाले गाउँपालिकाभित्रकै सङ्ख्याबाट सेवा लिएका थिए ।

आव २०७९/८० मा १३९ मध्ये १३५ जनाले संस्थागत प्रसूति सेवा लिँदा एक जनाले मात्र घरमा र चार जनाले मृत बच्चा जन्माएका थिए । आव २०७८/७९ मा पालिकामा १२७ जनाले संस्थागत प्रसूति सेवा लिएका थिए । घरमा असुरक्षित प्रसूति हुने र नियमित गर्भ परीक्षण नगराउने समस्या हटाउन पालिकाले 'आमासँग जनप्रतिनिधि' कार्यक्रम सञ्चालन गरेको छ । तोकिएको समयमा नियमित गर्भ परीक्षण र संस्थागत प्रसूति सेवामा पहुँच बढाएर मातृ शिशु मृत्युदर घटाउन, स्वास्थ्य र पोषण सुधार गर्न कार्यक्रम प्रभावकारी बनेको उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो । गर्भवती स्वास्थ्य परीक्षणका लागि स्वास्थ्य संस्थामा आउँदा अण्डा र सुत्केरीलाई घरमै पुगेर भाले दिने गरिएको उहाँले बताउनुभयो । तोकिएको मितिमा चारपटक गर्भ परीक्षण गर्दा हरेकपटक एक-एक क्रेट अण्डा र संस्थागत प्रसूति हुनेलाई जनप्रतिनिधि र स्वास्थ्यकर्मी घरमै पुगेर एउटा कुखुराको भाले दिने गरिएको छ । सुत्केरी भएपछि पनि तीनपटक सुत्केरी जाँच गर्नेलाई थप एक क्रेट अण्डा, एक किलोग्राम सर्वोत्तम पीठो र बच्चालाई न्यानो कपडा दिने गरिएको छ । गर्भवती र सुत्केरीको खानपान, सरसफाइ र स्याहारसुसारमा जागरण आएको छ । आठ वडा रहेको अन्नपूर्णको दोवा र दानाबाहेक भुरुङ-तातोपानी, नारच्याङ, शिख, घार, हिस्तान र राम्चेका स्वास्थ्य संस्थामा प्रसूति सेवा केन्द्र छन् । वडा नं ५ मा पर्ने पाउद्वारको सामुदायिक स्वास्थ्य एकाइमा पनि प्रसूति केन्द्र सञ्चालनमा छ ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० साविक भकुण्डे गा.वि.स. वडा नं. २ निवासी भारतीय भू.पु.सै. नं. ५३४३५४१ H NK/TS का टेक बहादुर थापाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर डिलमाया थापा, जन्म मिति वि.सं. २०१२/०२/१० (24th May 1955) भएको र भारतीय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर डिल माया, जन्म मिति वि.सं. २०१८/०९/१४ (28th Dec 1961) भई फरक परेता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, १० नं. वडा कार्यालय बागलुङको च.नं. २८९, मिति २०८३/०६/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



म्याग्दी जिल्ला साविक मुना गा.वि.स. वडा नं. ४, हाल धवलागिरी गाउँपालिका वडा नं. ३ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५३४४२३४, पृथ्व बहादुर थापाको श्रीमती देव सराको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर देव सरा पुन थापा र जन्ममिति वि.सं. २०१९/१०/१५ (ई.सं. १९६३/०१/१८) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर देव सरा र जन्ममिति ई.सं. १९६०/११/१७ उल्लेख भई फरक परेको तर उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित धवलागिरी गाउँपालिका वडा नं. ३ वडा कार्यालयको च.नं. ११२, मिति २०८३/०५/२५ को पत्रबाट सिफारिस भई आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी, म्याग्दी**

# पुरुष क्रिकेटमा नेपालद्वारा अफगानिस्तान पराजित

रासस
काठमाडौँ, ९ असोज


जापानको इची-नागोयामा जारी २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष क्रिकेटमा नेपाल विजयी भएको छ । नेपालले अफगानिस्तानलाई पाँच विकेटले पराजित गरेको हो ।

जापानको आइचीस्थित निशिनमा रहेको कोरोगी स्पोर्ट्स पार्कमा शुक्रबार भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै अफगानिस्तानले नेपालसामु १०३ रनको लक्ष्य प्रस्तुत गरेको थियो । उक्त विजयी लक्ष्य नेपालले १७ दशमलव २ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ३५ बलमा तीन चौका र एक छक्का प्रहार गरे । त्यसैगरी रोहितकुमार पौडेलले अविजित २३, दिपेन्द्रसिंह ऐरीले १५ तथा कुशल मल्ले ९ रन जोडे । बलिङतर्फ अफगानिस्तानका लागि फरिदुन दाउदजाई, अब्दुल्लाह अहमदजाई र अरब गुलले समान एक एक विकेट लिए । त्यसअघि ब्याटिङ गर्दै अफगानिस्तानले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १०२ रनको योगफल बनायो । अफगानिस्तानका लागि फेसल खान अहमदजाईले ३० रन बनाए । त्यस्तै नजिबुल्लाह जाद्रानले ३० तथा नङ्गेलिया खानले अविजित १७ रनको योगदान दिए ।

बलिङतर्फ नेपालका कुशल भुर्तेलले चार तथा ललितनारायण राजवंशीले तीन विकेट लिए । समूह 'ए' मा रहेको नेपालले शनिबार जापानसँग खेल्नेछ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



जन्मः
१९९८ पौष २ गते

स्वर्गारोहणः
२०८३ भाद्र ३० गते

**स्व. कृष्ण कुमारी तफ्र्या**

हाम्रा आदरणीय मित्र श्री रमा भगवती सिं गुठी पोखराका पूर्व सदस्य रानीपौवा पोखरा–११ तुल्सी मार्ग निवासी स्व. कोमल लाल तफ्र्याका श्रीमती यस सिं गुठीका सदस्य थमन तफ्र्या र राज कुमार तफ्र्याका ममतामयी माता सरस्वती तफ्र्या र रेष्मा पालिखे तफ्र्याका सासुआमा तथा निकिता, एलीसा, अनमोल, रबिन र युनिक तफ्र्याका हजुरआमा यस श्री रमा भगवती सिं गुठीका सदस्य समाजसेवी अती मिलनसार **कृष्ण कुमारी तफ्र्या** को ८६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण हुनुभएकोमा हामी श्री रमा भगवती सिं गुठी परिवार अति मर्माहत एवम् स्तब्ध भएका छौं । यस दुःखद घडीको आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सम्भर बहादुर श्रेष्ठ**
**नायोः (अध्यक्ष) एवम्**
**श्री रमा भगवती सिं गुठी परिवार**
**पोखरा**